च.नं. ४१७/०७९/०८०

कम्पनी दर्ता नं. १०३७/०६४/०६५

मिति : २०७९/१०/१९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

भद्रकाली, काठमाण्डौं ।

**बिषय : पाँचौं बार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २०७९/१०/१८ मा बसेको संचालक समितिको ११६ औं बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौं बार्षिक साधारण सभा मिति २०७९/११/१२ गते शुक्रबार (तदनुसार ता. फेब्रुअरी २४, २०२३) बिहानको ११:०० बजे लिसारा रिसेप्सन्स्, नक्साल, काठमाडौंमा बस्ने भएको व्यहोरा तहाँमा अवगत गराउन चाहन्छौं । साथै, साधारण सभा प्रयोजनार्थ कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७९ माघ २९ गते (एक दिन) बन्द गरिने व्यहोरा तँहाको जानकारीको लागि पेश गरिएको छ ।

साथै, सो सम्बन्धि सूचना मिति २०७९/११/२० गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने र सो सम्बन्धी सूचनाको नमूना यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यबाद ।

भवदीय,

मुना पौडेल

कम्पनी सचिव

RELIANCE LIFE INSURANCE

खुलेर जिऔं

# पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९/१०/१८ गते बसेको ११६ औं बैठकको निर्णय अनुसार कम्पनीको पाँचौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयं वा रितपूर्वकको प्रतिनिधि वा अनलाईन माध्यम मार्फत उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय

मिति : २०७९ साल फागुन १२ गते, शुक्रबार (तद्नुसार २४ फेब्रुअरी, २०२३)

स्थान : लिसारा रिसेप्सन्स, नक्साल, काठमाडौं (Meeting ID/Password ईमेल मार्फत उपलब्ध गराइनेछ ।)

सभा शुरु हुने समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम कम्पनीको आ.व.२०७८/७९ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरिक्षक श्री एस्. ए. आर् एसोसिएट्स चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

४ संचालक समितिद्वारा थप गरिएको कम्पनीको संस्थापक समूह तर्फको संचालकहरुको कार्यकाल अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्ताव**

१. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पश्चात् बन्ने जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड" तथा अंग्रेजीमा "Sanima Reliance Life Insurance Limited" कायम गरी सो नामबाट जीवन बीमा व्यवसाय गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. यस रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि दुबै संस्थाको चल अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन गर्न नियुक्त गरेको मुल्याङ्कनकर्ता यु.के. एसोसिएट्स् चार्टड एकाउन्टेन्ट्सको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

४. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने, गाभिने प्रयोजनका लागि मुल्याङ्कनकर्ता यू.के एसोसिएट्स् चार्टड एकाउन्टेन्ट्सद्वारा तयार गरिएको रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit) तथा अन्य सम्बन्धित मूल्य तथा मान्यता समेतका आधारमा निर्धारण गरिएको शेयर अनुपात १:१(रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको हालको १ कित्ता र सानिमा लाइफ इन्स्योरेन्स लिमिटेडको हालको १ कित्ता शेयर बराबर १ कित्ता) कायम गर्ने गरी गाभ्ने गाभिने (Merger) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

५. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सम्झौतापत्र, अन्तिम सम्झौता पत्र (Scheme of Arrangement) तथा अन्य भए गरेका सम्झौता लगायत सम्पूर्ण काम कारवाहीहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. संस्थापक समूह तर्फको संचालकहरुको कार्यकाल यस साधारण सभाको दिनसम्म कायम रहेकोमा नेपाल बीमा प्राधिकरणको स्वीकृती लिई संचालकहरुको कार्यकाल एकीकृत कारोबार हुनु अघि सम्मको लागि थप गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गर्ने ।

७. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको साविक सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै अवधि बाँकी रहेको भएता पनि गाभ्ने गाभिने कार्य सम्पन्न भई साविक दुबै कम्पनीबाट प्रतिनिधित्व रहने गरी सञ्चालक समिति गठन भए पश्चात् विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिए पछि बन्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभएसम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

८. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि दुबै संस्थाको चल अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन २०७८ आषाढ मसान्तको आधारमा भएको र आ.व. २०७८/०७९ मा दुबै कम्पनीले छुट्टाछुट्टै अस्तीत्वमा रहि व्यवसाय गरेको हुँदा उक्त अवधीको नाफा नोक्सान एकीकृत कारोबार हुनु अघि कायम रहेका शेयरधनीहरुलाई मर्जर पश्चात् वितरण गर्ने विशेष प्रस्ताव पारित गर्ने र सो व्यवस्थालाई मर्जर पश्चात कायम हुने कम्पनीको नियमावलीमा प्रविष्ट गरी नियमावलीमा आवश्यक संशोधन गर्ने ।

९. रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड तथा सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिने प्रयोजनको लागि भएको अन्तिम सम्झौता बमोजिम गाभिने कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने, सो सम्बन्धमा नियमनकारी निकायहरुमा निवेदन दिने लगायत गाभ्ने गाभिने कार्य सँग सम्बन्धित प्रचलित कानून, नीति, नियम, निर्देशिकाहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नु पर्ने सम्पूर्ण कार्यहरु एवं प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु उपलब्ध गर्ने गराउने एवं आवश्यक संशोधन गर्ने गराउने तथा दुबै कम्पनी एक आपसमा गाभ्ने गाभिने सम्बन्धी गर्नु गराउनु पर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

१०. कम्पनीको हालको शेयर संरचना बमोजिम कायम रहेको चुक्ता पूँजी अनुरुप संस्थापक समूह तर्फ ७० प्रतिशत र सर्वसाधारण समूह तर्फ ३० प्रतिशत हिस्सा रहेकोमा संस्थापक तर्फको ७० प्रतिशत मध्ये कम्पनीको १९ प्रतिशत संस्थापक शेयर बीमा प्राधिकरणको स्वीकृती लिई सर्वसाधारण समूहमा परिवर्तन गरी संस्थापक तथा सर्वसाधारण शेयरको अनुपात ५१:४९ प्रतिशत कायम गर्ने र तदनुरुप प्रबन्धपत्र र नियमावलीमा संशोधन गरी यथावत् पारित गर्ने ।

११. प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

१२. कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम आ.व. २०७७७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. साधारण सभा प्रयोजनार्थ कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७९ माघ २९ गते (एक दिन) बन्द गरिनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन सक्नेछन् ।

२. कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकेमा कम्तीमा ४८ घण्टा अगाडी यस कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ बानेश्वर, काठमाण्डौंमा प्रोक्सी फारम भरी निवेदन दर्ता गरी सक्नुपर्नेछ ।

३. साधारण सभाको लागि उपस्थिति पुस्तिका सभा हलमा बिहानको १०:०० बजेदेखि ११:०० बजेसम्म खुल्ला गरिनेछ ।

४. थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न हुनको लागि अनुरोध गरिन्छ ।

**रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड**

नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क केन्द्र : ०१-५९७०४००

info@relifeinsurance.com, www.relifeinsurance.com